नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
बुद्धनगर, काठमाण्डौ

फोन नं. ४७८२६१६, ४७८२६७१, ४७८२६४८, ४७८२७१०, ४७८२६५८
Email info@dofe.gov.np

प.सं.

च.नं.

करार सम्झौता (Standard Employment Contract (SEC) हस्ताक्षर गर्न सम्पर्क गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८/०९/२५

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार पदका लागि छनौट भएका मध्ये देहायका ३६ जना उम्मेदवारहरुको करार सम्झौता (Standard Employment Contract) रोजगारदाताबाट हस्ताक्षर भई यस विभागमा प्राप्त भएको छ। प्राप्त करार सम्झोता पत्रमा सम्बन्धित उम्मेदवारहरुबाट सूचना प्रकाशन भएको मितिले **पाँच** दिन भित्र सम्झौता गराई PIBA, इजरायल पठाउन एवं भिसा प्रकृयाका लागि इजरायल दूतावासको कन्सुलर डिभिजनमा समेत पठाउने प्रयोजनका लागि देहायका कागजातहरु उमेदवार स्वयं लिई यो सूचना प्रकाशित भएको मितिले पाँच दिनभित्र सम्भव भए पूर्ण खोप लगाई व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान, भैँसेपाटी, ललितपुरमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**कामदारहरुले पेश गर्नु पर्ने कागजातहरुः**

| | | |
|---|---|---|
| १. | प्रहरी चारीत्रिक प्रमाण-पत्र (Police Clearance Certificate) को सक्कल सहित प्रतिलिपि | थान-३ |
| २. | कोभिड-१९ विरुद्ध लगाएको खोपको सक्कल प्रमाण-पत्र (राहदानी नम्बर र इस्वी संवतमा मिति सहित सबै अंग्रेजीमा उल्लेख भएको) सहित प्रतिलिपि | थान-३ |
| ३. | सक्कल राहदानी र सोको प्रतिलिपि | थान-३ |
| ४. | पासपोर्ट साइजको हालसालै खिचेको फोटो (2x2 inches with white background) | थान-४ |
| ५. | निवेदका बखत पेश गरेको शैक्षिक योग्यता र तालिमको प्रमाण पत्रको सक्कल सहित सो को प्रतिलिपि | थान-३ |
| ६. | Clear bag | थान-३ |

**उपस्थित हुने स्थान, मिति र समय**

स्थान : व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान, भैँसेपाटी, ललितपुर

मिति : २०७८/०९/२६ गते सोमवार देखि २०७८/०९/३० गते शुक्रवार सम्म

समयः विहान १०:३० वजे देखि ४:३० बजे सम्म

**उम्मेदवारहरुको नामावली :**

संलग्न बमोजिम

९|२५

(श्री चन्द्र साह)

संयोजक/निर्देशक